सिविन–नेपाल र प्लान नेपालको साझेदारीमा प्रकाशित

# बाल सरोकार

Child Concerned

नेपाली मासिक ई-पत्रिका

वर्ष २, अंक १२, आश्विन २०६५, काठमाण्डौ

## यस अंकमा......

१. सम्पादकीय

२. सन्दर्भ राष्ट्रिय बालदिवस

३. भेटवार्ता : गौरी प्रधान

४. समाचार विश्लेषण

५. समाचार

महिनाको तस्वीर...




धेरैपछि बल्ल तल्ल भेट हाम्रो भा को
साथीसँगी मिलिजुली सँगै नाच्न पा को

## सम्पादकीय :

# इन्टरनेट अनलाइनबाट बालबालिका सुरक्षित कसरी हुने !

यसपालीको दशैं सुरु भइसकेको छ । दशैं नेपाली मात्रको महान चाड त अवश्यपनि हो । यसकोन्टरनेटबाट हामी सम्पूर्ण संसारमा सहजै पुग्न सक्दछौं । पठनपाठनका लागि शैक्षिक जानकारी प्राप्त गर्न, नयाँ साथीहरुसाग भेट्न, खेलहरु खेल्न, संगीत र चलचित्र जस्ता फाइल डाउनलोड गर्न, आफ्नै प्रोफाइल राख्न वा पोष्ट गर्न अनि आफ्नै ब्लग बनाउने लगायत अन्य धेरै कार्यहरु गर्न सकिन्छ इन्टरनेटको माध्यमबाट । साइबरस्पेस मनोरञ्जन गर्ने थलो भएतापनि, बालबालिका एवं युवाहरुका निमित्त धेरै खतरनाक पनि हुने गर्दछ । कतिपय सन्दर्भमा जोखिम तथा खतराहरुको बारेमा जानकारी हासिल गरेर एवं ती जोखिमलाई न्यूनीकरण गर्ने तरिका जानेर, तपाई अनलाइनमा सुरक्षित रहन सक्नुहुन्छ ।

अध्ययन र अनुसन्धानले के देखाएको छ भने, अनलाइनमा च्याट गरिरहेका कुनै पनि नचिनेका व्यक्तिहरुलाई कहिले पनि पूरा नाम, फोन नम्बर, ठेगाना, इमेल ठेगाना, स्कुलको नाम वा आफ्नो परिवार वा साथीको नाम जस्ता व्यक्तिगत जानकारी दिनुहुँदैन । यसरी दिइएका यी सूचना कहाँ अन्त्य हुन्छन् ? के–का लागि प्रयोग हुन्छ र कसले सम्पर्क गर्दछन् आदि कुराहरु थाहा हुँदैन । यसलाई प्रतिलिपि बनाएर सधैंका लागि अनलाइनमा राख्ने कार्य पनि हुन सक्छ ।

छाडा वा दिक्क लाग्दो भाषा, अश्लील तस्वीरहरु वा त्यस्तै अन्य भयावह कुराहरु जस्ता आफूलाई असहज बनाउने सामग्रीहरु महसुस वा भेट्टाउनु भयो भने अभिभावक वा भरपर्दो ठूलो मान्छेलाई भन्ने गर्नुपर्दछ । त्यसको साथै, आफ्नो (वा आफ्ना साथीहरुको) बारेमा च्याट कोठा वा सामाजिक नेटवर्किङ्ग साइट जस्ता अन्य सार्वजनिक स्थानहरुमा दिएको सूचनामा सदैव ध्यान दिनुपर्दछ । यस्ता सूचना एकपटक त्यहाँ राखेपछि, सार्वजनिक हुन्छ र त्यस्तो सूचना फिर्ता लिन सक्नुहुन्न । त्यस्ता सूचना तथा तस्वीरलाई जो कोहीले पनि परिवर्तन गरेर जहाँ पनि पठाउन सक्छन् । यदि अनलाइनमा तपाईको आफ्नै प्रोफाइल छ भने जस्तै, हाइ फाइभ वा फेस बुक, आफूले चिनेका एवं विश्वास गरेका व्यक्तिहरुलाई मात्र तपाईको पहुच प्रदान गरेको यकिन गर्नुहोस् । अनलाइनमा आफ्ना (उत्तेजक) तस्वीर एवं नितान्त व्यक्तिगत कुराहरु (इमेलमा समेत) राख्नाले पछि समस्या निम्त्याउन सक्छ । तपाईका हालका साथी संधै रही रहँदैनन् र यो जानकारी तपाईको विरुद्धमा प्रयोग गर्न सक्छन् । त्यस्तै, अनलाइनमा कुनै कुनै व्यक्तिले आफ्ना बारेमा गलत जानकारी दिएका हुन सक्छन् । यदि कुनै व्यक्तिसँग लामो समयदेखि च्याट गरिरहनुभएको छ र त्यो व्यक्ति असल साथीको रुपमा प्रस्तुत भएको छ भने, उसलाई अपरिचित व्यक्तिको रुपमा सम्झन गाह्रो हुन्छ । एक्लै कुनै पनि व्यक्तिसँग भेट गर्न सहमत हुनु हुँदैन । यदि त्यस्ता व्यक्तिहरुलाई भेट्नुपर्ने भएमा पहिले आफ्ना अभिभावकलाई भन्नुपर्दछ भने सार्वजनिक स्थानमा मात्र भेट्ने कुरा यकिन गरेर आफ्नो एकजना अभिभावक वा विश्वासिलो ठूलो व्यक्ति साथैमा लैजानुपर्दछ ।

❐




# राष्ट्रिय बाल दिवस-२०६५

वि.सं. २०२१ सालको भाद्र ४ गतेदेखि मनाउन शुरु गरिएको "राष्ट्रिय बालदिवस" २०६३ सालमा आएर भाद्र २९ गते मनाउन सुरु गरियो । विगत ४५ वर्षदेखि नियमित रुपमा रत्नराज्य लक्ष्मी देवी शाहको जन्मोत्सवको साथमा बालदिवसलाई जोडेर मनाउँदै आइरहेको थियो । यद्यपि, लोकतन्त्रको स्थापनापश्चात यसको पूरानो संरचनामा केही फेरबदल भयो । यसलाई फरक स्वरुप र दिनमा मनाउन थालिएको छ ।

बि.सं. २०४६ सालको प्रजातन्त्रको पुनर्स्थापन पछि गठित आन्तरिम सरकारले संयुक्त राष्ट्रसंघ बालअधिकार सम्बन्धी महासन्धि–१९८९ लाई सन् १९९० को १४ सेप्टेम्बरमा अनुमोदन गरेको दिन नै बालदिवसको रुपमा मनाउने घोषणा नेपाल सरकारले गरेको थियो । जसअनुसार, अहिले भाद्र २९ गते यो दिवसलाई देशव्यापी रुपमा मनाउने गरिएको छ ।

आजसम्म जुन ढङ्गबाट बालदिवस मनाइएको थियो । त्यसमा आधारभूत परिवर्तन खोजिएको अवस्थामा नयाँ ढङ्गबाट अधिकारमुखी, समानुपातिक ढङ्गबाट सबै बालबालिकाले आफ्नो अधिकार पाउने र आफ्नो दिवसको रुपमा मनाउन सकुन् भन्ने अवधारणाका साथ राष्ट्रिय बालदिवसको मिति परिवर्तन गरिएको हो ।

इतिहासलाई फर्केर हेर्दा, नेपालमा बालदिवसमा रत्नराज्य लक्ष्मीदेवी शाहले भारत भ्रमण गर्ने क्रममा भारतमा माहात्मा गान्धीको जन्मदिनमा बालदिवस मनाउने गरेको र भारतका प्रभावशाली राजनेताद्वारा समाजसेवामा सक्रियताका साथ लागेको देख्नुभयो । तत्काल भारतबाट फर्केपछि मुमा रत्नद्वारा आफ्नो जन्म दिनपारी वि.सं.२०२१ भाद्र ४ मा नेपाल बाल संगठन स्थापना गरी आफ्नै जन्म दिनमा बालमन्दिर मार्फत टुहुरा, अनाथ बालबालिकाको संरक्षणको थालनी गरेको दिनलाई नै राष्ट्रिय बालदिवसको घोषणा गरी सो समयदेखि नियमित रुपमा बालदिवस मनाउन थालिएको हो । ४ भाद्रका दिनलाई राष्ट्रिय बालदिवसको रुपमा देशले ४२ वटा बालदिवस मनाइयो भने, ०६२/६३ को आन्दोलनको परिणामस्वरुप देशमा स्थापना भएको लोकतन्त्रले बालदिवसका मितिलाई पनि परिवर्तन गऱ्यो ।

हालसम्मको बालदिवसको सार्थकता नरहेको तमाम सचेत जनताले महसुस गरी बालदिवसलाई बालबालिकाको आफ्नो दिवसको रुपमा मनाउन अवधारणाको साथ संयुक्त राष्ट्रसंघ बालअधिकार सम्बन्धी महासन्धि–१०८९, २० नोवेम्बरलाई सन् १९९०, १४ सेप्टेम्बर (२९ भाद्र) मा नेपाल पक्षले अनुमोदन गरेको दिनलाई बालबालिकाको विशेष दिनको रुपमा आत्मसाथ गरी सोही दिनलाई राष्ट्रिय बालदिवसको रुपमा मनाउने निर्णय गरिएको हो । २९ भाद्रलाई २०६३ देखि राष्ट्रिय बालदिवको रुपमा मनाउने कार्यको थालनी भएको छ । यसले पहिलो बालदिवस मनाउने कामको थालनी गरेको मान्न सकिन्छ ।

यद्यापि, २९ भाद्रमा राष्ट्रिय बालदिवस मनाउनुको एउटा सकारात्मक पक्ष त देखा परेको छ, तर मूल कुरा बाल दिवस कुन दिन मनाइन्छ भन्ने मात्र होइन । यस्ता दिवसहरुलाई वास्तविक रुपमा ती तमान नेपाली बालबालिकाले प्रत्याभूत गराउन सकिएन भने खासै अन्तर हुने छैन विगत र वर्तमानको बालविदसमा ।

बालदिवस कस्तो हुनुपर्दछ त ? वा भनौं बालदिवस कसरी मनाउनुपर्दछ त ? यो आम रुपमा उठिरहेको बिषय हो । तर पनि हामीले बालदिवसलाई औपचारिकतामा मात्रै सीमित बेसी गरिरहेका छौं कि ? खासगरी बालबालिकाको निम्ति चाहिने आधारभूत हक,अधिकार वा उनीहरुको संरक्षणको सवालमा हामीले कति उपलब्धी हासिल गर्न सक्यौं वा सकेनौं । त्यस्ता पक्षले पनि राष्ट्रिय बालदिवसको सार्थकतालाई मापन गर्न सकिन्छ ।

बाल सरोकार डेक्स

# बालअधिकारलाई व्यवहारमा रुपान्तरण गर्नु जरुरी छ



गौरी प्रधान
सदस्य एवं प्रवक्ता
*राष्ट्रिय मानवअधिकार आयोग*

बालअधिकारको बिषयबस्तु सबैको सरोकारको बिषयबस्तु हो । बालअधिकारको बिषयमा धेरै प्रतिबद्धता, नीति तथा कार्यक्रमहरु तय भएका छन् । यद्यापि, यसको व्यवहारिक कार्यान्वयन हुन सकेको छैन । बालअधिकारलाई व्यवहारमा रुपान्तरण गर्नको लागि यसका सरोकारवालाहरु, सरकार, राज्यका अङ्ग तथा यस क्षेत्रमा क्रियाशील विभिन्न संघसंस्थाहरुले पनि आ–आफ्नो भूमिका निर्वाह गर्नु जरुरी छ । यसै सन्दर्भमा बालदिवसको सार्थकता र नेपालमा बालअधिकारको स्थितिका सम्बन्धमा "बाल सरोकार"का लागि राष्ट्रिय मानवअधिकार आयोगका सदस्य एवं प्रवक्ता गौरी प्रधानसँग गरिएको कुराकानीको सारांश ।

*हाम्रो देशमा विगत लामो समयदेखि बालदिवस मनाइँदै आइरहेको अवस्थामा हालसम्म आइपुग्दा बाल दिवसका सान्दर्भिकता कस्तो रहेको पाउनुहुन्छ ?*

बालदिवस आफैमा एउटा महत्वपूर्ण दिवस हो । झण्डै आधाआधी जनसंख्या ओगटेका बालबालिकालाई मान्यता दिएर बालबालिकाकै दिवसका रुपमा सम्पन्न गर्न खोज्नु राम्रो पक्ष हो । कुनै पनि दिवस आफैमा एउटा परम्पराको रुपमा पनि लिन सकिन्छ । तर त्यसमा अहिलेको परिवर्तन र नयाँ नेपालको दृष्टिकोणका त्यसलाई पुनर्परिभाषित गरिनुपर्दछ । तिनीहरुको पुनर्व्याख्या गरिनुपर्दछ । नयाँ दृष्टिकोण अपनाएर बालदिवस मनाउनुको सार्थकतालाई बुझाउन सक्नुपर्दछ । त्यसको साथै बालअधिकारको बिषयमा के कस्ता राम्रा काम गर्‍यौं ? कति उपलब्धी प्राप्त गर्‍यौ ? कति चुनौतीहरु आए ? प्रतिबद्धता पूरा भए कि भएनन् ? जस्ता कुराहरुको समीक्षा हुनु पनि जरुरी छ । अहिलेको सन्दर्भमा बालसहभागितोको कुरा गरिराखेको छौं । ती कुराहरु सहज र सरल भाषामा उनीहरुबीच अन्तरक्रिया गर्ने काम गर्नुपर्दछ । बाल सहभागिताकै दृष्टिकोणबाट कुरा गर्ने हो भने त्यस्ता कार्यक्रम तर्जुमा गर्दा उनीहरुको साथमा बसेर कार्यक्रमको उद्देश्य के हो प्रक्रिया के हो ? र उनीहरुलाई त्यो त्यसमा कसरी समावेश गर्ने भन्ने सोच्नु अनिवार्य रहेको छ । जबसम्म हामीभित्रको सोचमा परिवर्तन हुन सक्दैन । हामीले तिथि सार्नुको अर्थ र यसको सार्थकता त्यति हुन सक्दैन । यसका लागि यस क्षेत्रमा क्रियाशील बालअधिकारकर्मी, गैरसरकारी संस्थाहरु, सरकारका विभिन्न निकायहरु, मन्त्रालय, केन्द्रीय बाल कल्यासमिति लगायतका निकायहरुबीचमा पनि यसको सैद्धान्तिक पक्षका बारेमा छलफल हुनु जरुरी छ ।

*बाल दिवसले बालअधिकारको संरक्षणको सवाललाई अगाडि बढाउन कस्तो भूमिका खेल्न सक्दछ ?*

यो दिवस मनाउनु आफैमा महत्वपूर्ण कुरा हो । तर यस्ता दिवसमा बालअधिकारको स्थितिको समीक्षा गरिने दिवसका रुपमा पनि मनाइनुपर्दछ । सकियो भने राष्ट्रले यस दिवसका दिन बालअधिकारको बिषयमा राष्ट्रिय प्रतिवदेन प्रकाशित गर्ने, सम्बन्धित संघसंस्थाहरुले पनि यसमा सहयोग गर्ने र हाम्रा यति उपलब्धी भए, यति चुनौती भयो, यति काम गर्न सकिएन र अगाडिको बाटो यो भन्ने कुरा तर्जुमा गर्नु दिवसका रुपमा पनि लैजानु जरुरी छ । र त्यसमा रचनात्मक र सिर्जनात्मक कार्यहरु हुनु त स्वभाविकै हो । तर, यस बाहेक पनि बालअधिकारको बिषयलाई सामाज विकाससँग कसरी जोड्न सकिन्छ ? एक दिन बालदिवस मनाइयो सकियो भने त्यसले सार्थकता पाउन सक्दैन । अहिलेपनि हाम्रो देशमा बालअधिकारको बिषयमा उपलब्धीहरुको साथमा थुप्रै चुनौतीहरु पनि विद्यमान छन् । सम्पूर्ण बालबालिकामध्ये धेरै बालबालिका शिक्षाको घामबाट अझैसम्म पनि वन्चित छन् । ८० प्रतिशत बालबालिकाहरु विद्यालय भर्ना हुन्छन् तर, ५ कक्षा नपुग्दै करिब ४० प्रतिशत बालबालिकाहरु त्यसबाट ओरालो लाग्दछन् । र त्यो प्रक्रिया भनेको निरन्तर रहेको छ हाम्रो सन्दर्भमा । जस्तै बालश्रमशोषणको सन्दर्भमा हामीसँग संविधान छ, कानुन छ, कार्ययोजनाहरु छन्, तर त्यसको बाबजूद पनि

तपाईले भर्खरै पनि सुन्नुभयो । सरकारको महत्पूर्ण ओहदामा कार्यरत व्यक्तिको घरमा बालश्रमशोषण भएको र बालकमाथि दुर्व्यवहार भएको घटना सार्वजनिक भएको छ । त्यसले के देखाएको छ भने सम्बन्धित निकायबाट नै त्यसको लागू हुन सकिरहेको छैन । बालविवाह बन्द भएको धेरै वर्ष भइसकेको छ । तर बालविवाहको चपेटामा अहिलेपनि तराईका कतिपय क्षेत्रहरु प्रभावित रहेका छन् । त्यसको साथै पहाडका कतिपय क्षेत्रमा पनि यो समस्या ज्यूँका त्यूँ विद्यमान रहेको छ । हामीले मानव बेचबिखनका बारेमा हालसालै पनि राष्ट्रिय दिवस मनायौं । मानव बेचबिखनको सबैभन्दा ठूलो पक्ष भनेको बाल बेचबिखन रहेको छ । अझ बालबालिकामा पनि बालिकाहरुको बेचबिखनको बिषय बढी रहेको छ । यी बालबालिकाको मात्रै समस्या होइनन् नि, यो समस्या भनेको समाजको, राष्ट्रको समस्या पनि हो । बालबालिकाका यस्ता बिषयबस्तुसँग राष्ट्रका अन्य बिषयबस्तुसँग मूल प्रवाहीकरण गर्नुपनि जरुरी छ । जस्तै, बालबालिका र राष्ट्रिय योजना आयोग, बालबालिका र राष्ट्रिय विकास, बालबालिका र मानवअधिकार, बालबालिका र सामुदायिक हकअधकार, बालबालिका र सामाजिक सुरक्षा, बालबालिका र शिक्षा यसरी बालबालिका समाजका हरेक बिषयबस्तु र पक्षसँग जोडिएको हुन्छ । यसलाई सामाजका हरेक पक्षसँग जोडेर लान सकियो भने यसले बालदिवसको सार्थकतालाई अझ चुल्याउन सक्दछ । हैन भने यसले बालबालिकालाई छुट्याउने काम गर्दछ । घरमा एउटा बालक छ भने उ सबैसँग सम्बन्धित नि, त्यहाँभित्रको सरसफाइसँग उ सम्बन्धित छ, त्यहाँभित्रको खानासँग उ सम्बन्धि हुने गर्दछ । उ आमा, बाबु, काका लगायत अन्य परिवारका सबैसँग सम्बन्धित भएजस्तै बालबालिकाका बिषयबस्तु सम्बन्धित मन्त्रालसँग मात्रै सम्बन्धित हुनु हुँदैन । सबैसँग सम्बन्धित भएको हुँदा यसलाई समाजका सबै तह र तप्कासँग गाँसेर हेर्न सकियो भने यसले व्यहारिक सार्थकता पाउने गर्दछ ।

*बाल दिवसकै सन्दर्भमा कुरा गर्दा हरेक बालदिवसमा राष्ट्रिय नारा तय गरिएको हुन्छ, र यस वर्ष पनि बालदिवसको एउटा छुट्टै नारा रहेको छ । बाल दिवस मनाउने सन्दर्भमा तय गरिएको यस्ता नाराहरुले व्यवहारिक रुपमा कत्तिको सार्थकता पाउने गरेको छ ?*

यो अत्यन्त महत्वपूर्ण प्रसङ्ग हो । हाम्रो देशमा हरेक दिवस वा सन्दर्भमा एउटा नारा तय गरिने गर्दछ । हुन त यो प्रचलन हाम्रोमा मात्रै सीमित छैन । तर मूल कुरा भनेको नाराले बोकेको मूल मर्म र यसको व्यवहारिकता पक्ष नै हो । विगतमा हामीले थुप्रै नाराहरु तय गरेका थियौं । तर ती नाराले बोकेका मर्महरुलाई हामीले व्यवहारमा रुपान्तरण गर्न सक्यौ कि, सकेनौ त्यसको समीक्षा हुनु जरुरी छ । यस वर्षको बालदिवसमा पनि हामीले तय गरेका नारालाई व्यवहारमा कार्यान्वयन गर्न सक्छौं कि सक्दैनौं त्यसको आगामी दिनमा समीक्षा हुनुपर्दछ । अहिले त कानुन र संविधानले पनि थुप्रै कुराहरुको व्यवस्था गरेको छ । तर त्यसको व्यवहारिक कार्यान्वयन हुन सकेको छैन । हाम्रो देश एउटा त्यस्तो देश हो जसले बालबालिकाको निम्ति २००५ देखि २०१४ सम्मको दश वर्षे कार्ययोजना बनाएको छ । त्यो कहाँ पुग्यो त, बनायो सकियो हो कि, त्यसको कार्यान्वयनमा गइरहेको छ । यो दिवसको सन्दर्भमा ती सबै कुराहरुको समीक्षा हुनुपनि उत्तिकै जरुरी छ । राम्रा कुराहरु राख्ने बेला पनि हो भने कमजोरीहरुलाई सुधार्ने र गर्न नसकेका कुराहरुलाई चुनौतीका रुपमा अगाडि ल्याउनुपर्ने कुरा पनि हो ।

*अहिलेसम्म आइपुग्दा नेपालमा बालअधिकार आन्दोनलको विकासक्रम कसरी भएको पाउनुहुन्छ ?*

बालअधिकारको आन्दोनलको कुरा गर्दा यसको सकारात्मक पक्षबाट हामीले हेर्नु जरुरी छ । नेपालको सन्दर्भमा कुरा सबैभन्दा व्यस्थित आन्दोलनको रुपमा बालअधिकारको आन्दोलनलाई लिन सकिन्छ । किनभने, २० वर्ष पहिले जतिबेला हामीले यो आन्दोलन सुरु गऱ्यौं । त्यतिबेला नै बालअधिकार सम्बन्धी महासन्धि कार्यान्वयनमा आयो । त्यसपछि यसलाई सिलसिलाबद्ध हिसाबबाट यस सम्बन्धी अन्तर्राष्ट्रिय, राष्ट्रिय र क्षेत्रीय रुपमा बनेका थुप्रै नियमावली, कार्यायोजना र यसलाई संस्थागत गर्ने प्रयत्न पनि गऱ्यौं । र त्यो हिसाबमा हाम्रा थुप्रै उपलब्धी भएका छन् । तर, त्यो उपलब्धीहरुको संस्थागत विकास हुन सकेका छैनौं । हामीचाहिँ हिड्दैछौ पाइला मेट्दैछौंको स्थितिमा रहेका छौं । मलाई उपलब्धीको हिसाबाट नेपालमा बालसहभागिताको स्थिति दक्षिण एशियामा नै अगाडि आउने गर्दछ । तर यसलाई तथ्याङ्‌बाट पुष्टि गर्नु पनि उत्तिकै जरुरी छ । किनभने, हामीसँग ८-१०

हजार त बालक्लब तथा समूहहरु क्रियाशील रहेका छन् । ती बालसमूहलाई मात्र हामीले सही ढङ्गले परिचालन गर्न सक्यौ भने बालअधिकार आन्दोलनलाई अझै धेरै अगाडि बढाउन सकिन्छ । तर हामीले विगतमा बनाएका लक्ष्य तथा कार्यक्रमको व्यवहारिक कार्यान्वयनमा चुनौती अझै पनि रहेको छ ।

*बालअधिकारलाई व्यवहार रुपान्तरण गर्नको लागि के गर्नुपर्ला ?*

यसको लागि सुरुमा त हामीले तय गरेका योजना तथा कार्यक्रमहरुको व्यवहारिक कार्यान्वयनमा जोड दिनु पर्दछ । त्यसको लागि यसका सरोकारवालाहरु विशेषतः सरकार, गैरसरकारी संस्था एवं स्वयं बालबालिकाले पनि ध्यान दिनु जरुरी छ । त्यसको साथै राज्यले त झन् महत्वपूर्ण भूमिका खेल्नु जरुरी छ । उसको प्रमुख दायित्व हो । किनकी, उसलाई जिम्मेवारी दिइएको छ, श्रोत दिइएको छ, अनि अधिकार पनि दिइएको छ । यी जिम्मेवारीहरु उसले पूरा गर्नुपर्दछ ।

## समाचार विश्लेषण

# राष्ट्रिय बालदिवसमा देशभर विभिन्न कार्यक्रम




"सुनिश्चित बालअधिकार नयाँ नेपालको पूर्वाधार" भन्ने मूल नारासहित यस वर्षको राष्ट्रिय बालदिवस सम्पन्न भएको छ । यसै अवसरमा राजधानीमा नेपाल सरकार महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयले एक राष्ट्रिय कार्यक्रम समेत आयोजना गरेको थियो । खासगरी बालबालिकाको अधिकार सुनिश्चित गर्नको लागि विभिन्न पूर्वाधारहरु तय हुनु जरुरी रहेको छ । विशेषतः हाम्रो देशमा विगतमा भाद्र ४ गते राष्ट्रिय बालदिवस मनाईंदै आइएको थियो । खासगरी संयुक्त राष्ट्रसंघको बालअधिकार सम्बन्धी महासन्धि १९८९ लाई नेपाल सरकारले अनुमोदन गरेको दिनका रुपमा यसलाई राष्ट्रिय बालदिवसका रुपमा मनाउन थालिएको हो । हाम्रो देशमा बालअधिकारका बिषयमा थुप्रै सकारात्मक परिवर्तत भएका छन् । यद्यपि, अझैसम्म पनि कयौं बालबालिका आफ्ना आधारभूत अधिकारबाट वन्चित रहेका छन् । देशमा बनेका नीति तथा कार्यक्रमहरुमा समेत बालबालिकाका हकअधिकार सुनिश्चित गरिने थुप्रै प्रतिबद्धताहरु व्यक्त गरिएका पाइन्छन् । तर, यसरी व्यक्त गरिएको यस्ता प्रतिबद्धताहरुको व्यवहारिक कार्यान्वयन भने अत्यन्त कमजोर रहेको यस क्षेत्रका विशेषज्ञहरुले बताएका छन् ।

यसै अवसरमा प्रधामन्त्री एवं महिला बालबालिका तथा समाजकल्याण मन्त्री पुष्पकमल दाहालले शुभकामना सन्देश दिनुभएको थियो । शुभकामना सन्देशमा नयाँ नेपालको यस घडीमा बालबालिकाको हकअधिकारको संरक्षण र प्रबर्द्धन गर्नु राज्यको प्राथमिक दायित्व हुने, र यी दायित्व पूरा गर्नको लागि परिवार लगायतका समाजका सबैले उत्तरदायित्व निर्वाह गर्नुपर्ने उल्लेख छ । सन्देशमा अगाडि भनिएको छ "बालबालिकाले भोगेका विभिन्न समस्याहरुलाई नयाँ नेपालको बदलिँदो परिस्थितिअनुसार ऐन, कानुन, नीति, योजना तथा कार्यक्रमद्वारा सम्बोधन गर्नको लागि तिनमा आवश्यक संशोधन एवं परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ । त्यसको लागि महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, केन्द्रीय तथा जिल्ला बालकल्याण समिति समेत सरकारकाका विभिन्न निकायहरुले द्वन्द्वपीडित, अशक्त, असहाय, अनाथ तथा जोखिमपूर्ण अवस्थामा रहेका सबै बालबालिकाको अधिकारको संरक्षण र सम्बर्द्धन गर्नको लागि सबैले समन्वयकारी भूमिका खेलेकोमा सह्राना गरिएको छ ।

त्यसो त बालदिवसकै सन्दर्भमा बालबालिका स्थायी शान्ति क्षेत्र हुन् भन्ने विश्वव्यापी मान्यता रहतापनि अझैसम्म पनि बन्द, हड्ताल आदिका कारण बालबालिकाको पढ्न पाउने अधिकार हनन् भएको भन्दै यस्तो कार्यलाई तत्काल रोक्नको लागि देशका प्रमुख १२ राजनीतिक दलहरुले प्रतिबद्धता जाहेर गरेका छन् । यसरी प्रतिबद्धता जाहेर गर्नेहरुमा नेकपा माओवादीका तर्फबाट प्रधानमन्त्री प्रचण्ड, नेपाली काँग्रेसका तर्फबाट गिरिजाप्रसाद कोइराला, नेकपा एमालेका झलनाथ खनाल, तमलोपाका महन्थ ठाकुर, नेपाल सद्भावना पार्टी( आनन्दीदेवी)का श्यामसुन्दर गुप्ता, राप्रपाका पशुपति शम्सेर बंजरा,नेकपा मालेका सी.पि.मैनाली,राजपाका सूर्यबहादुर थापा, जनमोर्चाका प्रल्हाद बुढाथोकी, नेपाल लोकतान्त्रिक समाजवादी दलका उपेन्द्र गच्छेदार र नेपाल जनता दलका हरिचरण शाह रहेका छन् ।

प्रतिबद्धता पत्रमा सबै राजनीतिक दलका प्रमुखहरु स्वयंले बन्द हड्तालका समयमा पनि एम्बुलेन्स, अस्पताल, पर्यटकीय सवारी साधन, सञ्चारमाध्यमका साधनहरु सूचारु रहेजस्तै विद्यालय, संस्था तथा सवारी साधनलाई सूचारु राख्न, पठनपाठन प्रतिकूल असर पर्ने कुनै कार्य नगर्न समेत आग्रह गरिएको छ ।

निश्चय पनि विद्यालय शान्ति क्षेत्र हुन् भन्ने मान्यतालाई सबैले आत्मसाथ गरिएको अवस्थामा यसलाई देशका प्रमुख राजनीतिक दलहरुले प्रतिबद्धता जाहेर गर्नु आफैमा सकारात्मक पक्ष मान्न सकिन्छ । यद्यापि, यसको व्यवहारिक कार्यान्वयनमा भने सबैले जोड दिनु जरुरी छ । हुन त यस अघि पनि विद्यालय शान्ति क्षेत्र हुन् भन्ने बिषयमा देशका सबैजसो राजनीतिक दलहरुले आफ्नो प्रतिबद्धता जाहेर गरिसकेका छन् । तरपनि यसको व्यवहारिक कार्यान्वयन भने फितलो सावित भइरहेको छ ।

यसैगरी बालदिवसकै सन्दर्भमा सिविन नेपालका बालबालिकाले पनि विविध साँस्कृतिक कार्यक्रमको आयोजना गरी मनाएका छन् । बालबालिका स्वयंले तयार पारेका सो कार्यक्रममा बालबालिकाले आ–आफ्नो प्रतिभा प्रस्तुत गरेका थिए ।

बाल सरोकार डेक्स


# समुन्नत, समृद्ध, नयाँ नेपाल !

## महिला तथा बालबालिकाको साथमा मात्र सम्भव छ !!!

Plan
Be a part of it.

CWIN


**विजया दशमी २०६५ को पावन अवसरमा हामी समस्त नेपाली बालबालिकाको सुख, समृद्धि र प्रगतिको कामना गर्दछौं ।**

सिविन नेपाल तथा बाल सरोकार परिवार

बालअधिकार सम्बन्धी सम्पूर्ण जानकारीका लागि साप्ताहिक रेडियो पत्रिका

# बाल चौतारी

## युनिसेफ, प्लान नेपाल र सिविन नेपालको सहकार्यमा

### हरेक सोमबार विहान ८ बजे देखि ८.३० बजेसम्म

### रेडियो सगरमाथा एफ.एम १०२ थोप्लो ४ मेगाहर्जमा

## अवश्य सुन्नुहोस्

***समाचार***

## बालबालिकाले इन्टरनेटमा यौनजन्य सामग्री हेर्ने




काठमाण्डौ/बास–उपत्यकाका ८२ प्रतिशत बालबालिकाले इन्टरनेट प्रयोग गर्ने गरेको पाइएको छ । यसरी इन्टरनेट प्रयोग गर्नेहरुमा ६३ प्रतिशत बालबालिकाले साइबर क्याफेमा र ५१ प्रतिशतले आफ्नै घरमा इन्टरनेट हेर्ने गरेको पाइएको छ । सिविन नेपाललद्वारा इन्टरनेटको प्रयोग बारेमा बालबालिकासँग गरिएको अनुसन्धानबाट यस्तो पत्ता लागेको हो । त्यसो त ९८.९ प्रतिशत बालबालिकाले इन्टरनेटमा यौनजन्य सामग्री हेर्ने गरेको पाइएको छ । सो जानकारी सिविन नेपालद्वारा सुरु गर्न लागिएको इन्टरनेटको दुरुपयोगबाट बालबालिकाई जोगाउने सम्बन्धी नयाँ कार्यक्रमको उद्घाटन कार्यक्रममा सार्वजनिक गरिएको हो ।

उक्त कार्यक्रमका उद्घाटन गर्दै उपप्रधानमन्त्री एवं गृहमन्त्री वामदेव गौतमले सरकारले छिट्टै साइबर कानुन ल्याउने जानकारी गराउनुभयो । उहाँले बालबालिकाको संरक्षण गरी अवैध कामका साथै मानवीय संवेदनशील र विकृतिमूलक काममा बालबालिकाको प्रयोगलाई कडाइका साथ नियन्त्रण गर्न बाल संरक्षण सम्बन्धी प्रभावकारी कानुन निर्माण गरिने उहाँले बताउनुभयो ।

कार्यक्रमा सिविन नेपालकी कार्यकारी संयोजक सुम्निमा तुलाधरले बालबालिका जहाँसुकैका भएतापनि ती सबै बालबालिका दुर्व्यवहारबाट पीडित हुने गरेको बताउनुभयो ।

सोही कार्यक्रममा इन्टरनेट अनलाइनका सम्बन्धमा अभियान सल्लाहकार सेसिल लेम्पेले आफ्नो अवधारणापत्र प्रस्तुत गर्नुभएको थियो । आफ्नो अवधारणपत्र प्रस्तुत गर्दै उहाँले भन्नुभयो । "हाम्रा बालबालिकालाई साइबर संसारबाट जोगाउनु जरुरी छ, किनकी, साइबर संसारमा राम्रा सामग्रीहरु मात्रै प्रवाहित भएका हुँदैनन् । सँगसँगै बालबालिकाका निम्ति नराम्रा सामग्रीहरु पनि प्रवाहित भएका हुन्छन् ।"

सो कार्यक्रममा सेभ द चिल्ड्रेन स्वीडेनकी क्षेत्रीय कार्यक्रम व्यवस्थापक तुरिड हेवर्गले भन्नुभयो– बालबालिकाको बिषयबस्तु संसारका जुनसुकै कुनामा पनि उत्तिकै महत्वका साथ उठ्ने गरेको छ । हामीहरुले अत्यन्त छिटो छिटो परिवर्तनको आभास गरिरहेका छौं । यस अवस्थामा बालबालिकाकाले पनि थुप्रै नयाँ चुनौतीहरुलाई सामना गरिरहेका छन् । जसलाई हामीले रोक्न सक्नुपर्दछ ।

कार्यक्रममा युनिसेफ नेपालकी राष्ट्रिय प्रतिनिधि जिलियन मेलोसिपले नेपालले बालबालिकाको बेचबिखन, बाल देहव्यापार तथा बालबालिकाको अश्लील चित्रण सम्बन्धी ऐच्छिक सन्धिपत्रलाई अनुमोदन गरिसकेको अवस्थामा यसको व्यवहारिक कार्यान्वयन गर्नको लागि विशेष व्यवस्था गर्नुपर्ने धारणा राख्नुभयो ।

सिविन नेपालद्वारा सुरु गर्न लागिएको इन्टरनेटमको दुरुपयोगबाट बालबालिकालाई बचाउने नयाँ कार्यक्रम अन्तर्गत बालबालिकाको इन्टरनेट प्रयोग शिक्षा र सूचना अतिरिक्त उनीहरुलाई यसका जोखिमबाट जोगाउनको लागि विभिन्न सचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गरिने बताइएको छ ।

---


## प्लान नेपाल र सिविन-नेपालको साझेदारीमा प्रकाशित

Plan
Be a part of it.
प्लान नेपाल

CWIN
सिविन–नेपाल

सम्पर्क ठेगानाः पो.ब.नं. ४३७४, रविभवन, काठमाण्डौ । इमेलःcwinpublication@gmail.com

प्रमुख सल्लाहकार : **सुम्निमा तुलाधर**

सल्लाहकारहरु : माधव प्रधान, तारक धिताल,सुवोध श्रेष्ठ, कुमार भट्टराई, रश्मिला शाक्य

विशेष सहयोग : शुभराज पोखरेल, सूर्यनारायण श्रेष्ठ, अञ्जना प्रधान, दीपेन्द्र पण्डित

**सम्पादक:विमलकुमार थापा**